## मिति २०७०।११।२१ गतेको योजना सुपरीबेक्षण तथा अनुगमन समितिको बैठक निर्णय उतार

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा व्यवस्था भए अनुसार नगरस्तरिय सुपरीवेक्षण तथा अनुगमन समितिको वैठक समितिका संयोजक तथा नगरप्रमुख श्री टीकादत्त राईको अध्यक्षतामा निम्न उपस्थितीमा बैठक बस्यो ।

### उपस्थिती

| | | |
|---|---|---|
| श्री टीकादत्त राई | – | संयोजक,नगर प्रमुख/कार्यकारी अधिकृत, सि.न.पा. |
| श्री गोविन्द केवट | – | सदस्य, एनेकपा माआवादी |
| श्री उमा काफ्ले | – | सदस्य, नेकपा एमाले |
| श्री राजेश रंन्जन बर्मा | – | सदस्य, तराई मधेश लोकतान्त्रिक पार्टी |
| श्री थानेश्वर पौडेल | – | सदस्य, वडा नागरिक मन्च, सि.न.पा. वार्ड नं. ३ |
| श्री सुभद्रा पौडेल | – | सदस्य, वडा नागरिक मन्च, सि.न.पा. वार्ड नं. ४ |
| श्री देवि माया रायमाझी | – | सदस्य, नागरिक सचेतना केन्द्र, सि.न.पा. वार्ड नं. १० |
| श्री गजेन्द्र नाथ शर्मा | – | सदस्य, योजना अधिकृत जिल्ला विकास समिति रुपन्देही |
| श्री यमलाल पाण्डे | – | सदस्य, ई. सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर |
| श्री ठाकुर कुमार श्रेष्ठ | – | सदस्य, सिद्धार्थनगर उद्योग बाणिज्य संघ, रुपन्देही |
| श्री गिरिश चन्द्र त्रिपाठी | – | सदस्य, नेपाल राष्ट्रिय उद्योग व्यापार संगठन रुपन्देही |
| श्री देव प्रसाद ज्ञवाली | – | सदस्य सचिव, सिद्धार्थनगर नगरपालिका कार्यालय |

### आमन्त्रित

| | | |
|---|---|---|
| श्री उमेश खनाल | – | एनेकपा माओवादी |
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | बरिष्ठ अधिकृत, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री मधु गौतम | – | ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री जीवन अर्याल | – | ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री मान प्रसाद श्रेष्ठ | – | सव ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री लक्ष्मण गिरि | – | ना.सु., सिद्धार्थनगर नगरपालिका कार्यालय |

### निर्णय नं. १ (एक)

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद ४ को नियम ३५ मा अनुगमन तथा सहजीकरण समिति गठन गर्ने व्यवस्था भए बमोजिम ५ सदस्यीय अनुगमन तथा सहजीकरण समिति सम्बन्धि साईट ईन्चार्ज मार्फत गठन गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

चालु बर्षमा सञ्चालित देहायका निम्न योजनाहरु पहिलो चरणमा अनुगमन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | वार्ड नं. | स्थान | मिति | समय |
|---|---|---|---|---|
| १. | ७ | बुद्धपथ | २०७०।११।२३ | ११.०० बजे |
| २. | ७ | स्वस्तिकपथ | २०७०।११।२३ | १२.०० बजे |
| ३. | ७ | मेलमिलापपथ | २०७०।११।२३ | १२.३० बजे |
| ४. | ७ | सप्तऋषिपथ, गणपतिपथ, वेलबाबापथ | २०७०।११।२३ | १.०० बजे |
| ५. | ९ | भानुपथ | २०७०।११।२३ | २.०० बजे |

**निर्णय नं. ३(तिन)**

वार्ड नं. ९ को नालामा (टुक्रा  ईटा) कति प्रयोजन भएको हो सो बराबरको संरचनाको मूल्याँङ्कन घटाई भुक्तानी प्रकृया अगाडी बढाउन सम्बन्धित साईट ईन्चाजबाट प्राविधिक प्रतिवेदन अनुगमन तथा सुपरीवेक्षण समितिमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

वार्ड नं. ४ को नालामा छुट हुन गएको सोलिङ्को परीक्षण कति हो सो बराबरको कार्य सम्बन्धित निर्माण व्यवसायीबाट गराई भुक्तानी प्रकृया अगाडी बढाउन सम्बन्धित साईट ईन्चार्जबाट प्राविधिक प्रतिवेदन अनुगमन तथा सुपरीवेक्षण समितिमा पेश गर्न निर्देशन दिने निर्णय निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

तिन(३) लाख भन्दा बढी लागतका प्रत्येक योजना स्थलमा अनिवार्य रुपमा योजना वोर्ड राख्ने व्यवस्था गर्न सम्बन्धित साईट ईन्चार्जलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

निर्णय नं. २(दुई) मा लेखिएका योजना बाहेकका योजनाहरु कार्य तालिका बनाई नियमित अनुगमन गर्ने निर्णय गरियो ।

आजको बैठक यहि सम्पन्न भयो ।